# गुरुप्रसाद मैनालीको कर्तव्य कथाको परिस्थितिगत सन्दर्भ

**सिता अधिकारि थापा**
महेन्द्र बहुमुखी क्याम्पस, धरान
* इमेल: adhikari.sitath@gmail.com

## लेखसार

प्रस्तुत लेखमा आधुनिक नेपाली कथाकार गुरुप्रसाद मैनालीद्वारा रचित कर्तव्य कथाको परिस्थितिगत सन्दर्भ विश्लेषण गरिएको छ। यसका निम्ति सङ्कथनअन्तर्गतको सन्दर्भपरक विश्लेषणलाई सैद्धान्तिक आधारका रूपमा लिइएको छ । भाषिक अभिव्यक्ति अन्तर्गत वाक्यभन्दा माथिको एकाइ सङ्कथन हो भने सङ्कथन पाठभित्र अन्तर्निहित सहभागी, भौतिक तथा संज्ञानात्मक सूचना प्रदान गर्ने विभिन्न परिस्थितिलाई सन्दर्भ भनिन्छ । सङ्कथन पाठमा प्रयुक्त भाषिक स्वरूप तथा त्यसको विशेष परिस्थितिक सन्दर्भको माध्यमबाट संज्ञान अर्थको खोजी गरिने प्रक्रिया सन्दर्भपरक सङ्कथन विश्लेषण हो । सङ्कथन पाठमा घटना, चरित्र र परिवेशले पनि सन्दर्भलाई सङ्केत एवम् विस्तार गरेको हुन्छ भने भाषाले सन्दर्भको निर्माण गर्ने तथा सन्दर्भले अर्थको प्रकटीकरण गर्ने भएकाले सङ्कथन पाठलाई संरचनापरक र सन्दर्भपरक कोणबाट अध्ययन विश्लेषण गरिन्छ । परिस्थितिगत सन्दर्भ विश्लेषण भाषाइतर पक्ष भएकाले सङ्कथनमा भाषिक प्रकार्य वा अभिव्यक्तिले दिने अर्थ र परिवेशमा समायोजित सन्दर्भलाई हेरिन्छ । सङ्कथनमा प्रयुक्त भाषाले सन्दर्भलाई प्रस्तुत गर्दछ भने सन्दर्भमा पाठको अर्थ समावेश रहने हुँदा कर्तव्य कथामा रहेको सन्दर्भ तथा उक्त सन्दर्भले निर्धारण गरेको परिस्थितिगत अर्थहरूको खोजी सन्दर्भपरक अध्ययनका आधारमा गरिएको छ। प्रस्तुत लेखमा विवेच्य सङ्कथनमा कथाकार (समाख्याता)ले लेख्य अभिव्यक्तिका माध्यमबाट पाठनिष्ठ अर्थ निर्धारणका लागि वैयक्तिक, भौतिक र संज्ञानात्मक सन्दर्भको प्रयोगबाट सूचना संप्रेषण गरेका छन् । सामाजिक यथार्थवादी प्रवृतिको कर्तव्य कथामा सामाजिक विषयवस्तु, घटना, चरित्र र परिवेशका साथै भाषाको प्रयोगबाट विभिन्न सामाजिक-सांस्कृतिक सन्दर्भको निर्देश गरिएको हुनाले कथाको पारिस्थितिक सन्दर्भमा अर्थपूर्ण बनेको छ। व्यक्तिगत, पारिवारिक, सामाजिक-सांस्कृतिक यिनै विभिन्न परिवेशगत सन्दर्भहरूको प्रयोग भएको कर्तव्य कथालाई सङ्कथन विश्लेषणको परिस्थितिगत सन्दर्भका सैद्धान्तिक अवधारणामा आधारित भएर पाठपरक अध्ययन गरिएको छ। यसमा कृतिको सूक्ष्म पठनपद्धतिको प्रयोग गर्दै गुणात्मक ढाँचाको व्याख्या विश्लेषणात्मक विधिद्वारा शोध्य प्रश्नका प्राज्ञिक समाधान खोज्नु यस लेखको उद्देश्य रहेको छ ।

**शब्दकुञ्जी** : सङ्कथन, सन्दर्भ, वैयक्तिक, निहितार्थ, संज्ञानात्मक, पाठनिष्ठ, परिवेश ।

## १. विषयपरिचय

नेपाली आख्यान साहित्यमा गुरुप्रसाद मैनाली (वि.सं.१९५८-२०२८) प्रथम आधुनिक कथाकार हुन् । माध्यमिककालीन कथाप्रवृत्तिभन्दा भिन्न किसिमका कथा सिर्जनाद्वारा आधुनिकताको सूत्रपात गर्ने मैनालीले सङ्ख्यात्मक रूपमा कम भए पनि गुणात्मकताका दृष्टिले विशेष महत्त्वका कथाहरू लेखेका छन् । सामाजिक विषयवस्तुमा रचित एघार कथाहरूको सङ्कलन 'नासो'(२०२०) सङ्ग्रहमा प्रकाशित चर्चित कथाहरूमध्ये एक 'कर्तव्य' विभिन्न सन्दर्भहरूको युक्तिपूर्ण संयोजन गरिएको कथा हो । सामाजिक यथार्थवादी विषयवस्तु र आदर्शोन्मुख यथार्थवादी भावाभिव्यक्तिका कथाकार मैनालीका कथामा सामाजिक मूल्यमान्यता, पारिवारिक समस्या, सामाजिक-आर्थिक द्वन्द्व आदिजस्ता सन्दर्भहरूको प्रभावकारी चित्रण गरिएको छ । प्रस्तुत कथाले मूलतः नेपाली ग्रामीण समाजको परिवेशमा संरचित पारिवारिकद्वन्द्व, सामाजिक, सांस्कृतिक सन्दर्भलाई अत्यन्त सटीक र मार्मिक रूपमा प्रस्तुत गरेको छ। यस कथाले नेपाली समाज र सन्दर्भलाई विषयवस्तु, चरित्र, घटना र परिवेशका माध्यमबाट विविध अर्थ सन्दर्भहरूको सशक्त उद्घाटन गरेको छ । सामाजिक सम्बन्ध र सन्दर्भको निर्माण, दाजुभाइबीचको सम्बन्ध, पिताको शेखपछि जीउनी अंशबण्डाको झैझगडा र त्यसको परिणति, सामाजिक मर्यादा, कुलइज्जतको रक्षाका लागि परिवारको अभिभावकले निर्वाह गर्नुपर्ने कर्तव्य र दायित्वबोध आदिजस्ता घटना, सहभागीका क्रियाकलाप, पात्रका संवाद र परिवेशको माध्यमले कथामा विभिन्न परिस्थितिगत सन्दर्भहरूको सिर्जना भएको छ भने ती सन्दर्भहरूले पाठमा सान्दर्भिक अर्थ प्रदान गरेका छन् । यसरी वैयक्तिक, पारिवारिक, सामाजिक, सांस्कृतिक तथा मानसिक परिवेशका विविध सन्दर्भहरू उल्लेख भएका कारणले 'कर्तव्य' कथाको सन्दर्भपरक विश्लेषण गर्नु उपर्युक्त रहेको छ ।

विभिन्न विषय सन्दर्भहरू संयोजित भाषिक सम्प्रेषणका वाक्यभन्दा माथिल्लो एकाइका संसक्त पाठ वा संरचना सङ्कथन हो । सङ्कथनमा सन्दर्भ भनेको कथ्य वा लेख्य भाषिक रूप र क्रियाकलापका माध्यमले अभिव्यक्त अवस्थाविशेष हो । सन्दर्भलाई शर्मा [१] ले कुनै पनि विशेष अवस्थामा शब्दले प्रदान गर्ने अर्थको ज्ञान हुने अवधारणात्मक परिस्थितिजन्य सहभागीहरूको सामाजिक सम्बन्ध र उनीहरूको शैक्षिक एवम् सांस्कृतिक पृष्ठभूमि नै वास्तवमा सन्दर्भ हो भन्ने उल्लेख गरेका छन् । यसले स्थान, समय, परिवेश जस्ता भौतिक सन्दर्भ र सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, भौगोलिक वैचारिक आदि संज्ञानात्मक सन्दर्भसँग सम्बन्धित अवस्थालाई जनाउँदछ जुन भाषिक अभिव्यक्तिमार्फत प्रकट हुन्छ । सन्दर्भले कथ्य वा लेख्य भाषाको प्रयुक्ति र त्यसले व्यक्त गर्ने परिस्थितिलाई जनाउने भएकाले पाठको अर्थ निर्धारणमा सन्दर्भको विशेष भूमिका रहेको हुन्छ । सिफ्रिन [२] ले उच्चारण वा भाषा उत्पादन गर्ने मानिसहरूले भरिएको संसारका रूपमा सन्दर्भलाई चिनाएकी छिन् । कोशीय परिधिभन्दा परसम्मको अर्थ बुझाउने सन्दर्भमा भाषा सम्प्रेषणीय कलामा आबद्ध हुन्छ र त्यसका संसक्ति र संयुक्तिद्वारा निर्मित वाक्यभन्दा माथिल्लो अर्थयुक्त सिङ्गो भाषिक अभिव्यक्तिको संरचनालाई सङ्कथन भनिन्छ । भाषाले विशेष सन्दर्भहरूबाट खास अर्थ प्रदान गर्दछ भने सामाजिक संस्कृतिसम्बद्ध विविध भाषिक सन्दर्भले पनि अर्थमा भिन्नता ल्याउने हुनाले सङ्कथन विश्लेषणमा सन्दर्भको स्थान महत्त्वपूर्ण रहेको हुन्छ । 'सङ्कथन विश्लेषण' सन् १९६० को दशकदेखि विकसित भएको भाषाको संरचना र अर्थसन्दर्भको अध्ययन विश्लेषण गर्ने प्रकार्यात्मक पद्धति हो । सङ्कथनको वाह्य सम्बन्ध भाषाको संरचनात्मक स्वरूप र आन्तरिक सम्बन्धचाहिँ भाषाले व्यक्त गर्ने परिवेशका सन्दर्भपरक अर्थसँग रहेको हुन्छ । सङ्कथन अध्ययनमा भाषिक प्रयोक्ताको आशय र सन्दर्भलाई विशेष आधार मानेर पाठ वा कृतिको विभिन्न पद्धतिका माध्यमबाट विश्लेषण गरिन्छ । सङ्कथन विश्लेषण भाषानिष्ठ अध्ययन भए पनि यहाँ भाषाले सङ्केत गर्ने विविध सन्दर्भको विशेष महत्त्व हुन्छ । पाठले प्रयोक्ता, स्रोता एवम् परिवेशअनुसार वृहत

अर्थसन्दर्भलाई बहन गरेको हुन्छ । त्यसैले सङ्कथन पाठमा प्रयुक्त भाषाले समेट्ने भौतिक र संज्ञानात्मक सन्दर्भमा आधारित भएर गरिने अर्थको खोजी प्रक्रियालाई सन्दर्भपरक सङ्कथन विश्लेषण भनिन्छ । यस अध्ययनमा गुरुप्रसाद मैनालीको 'कर्तव्य' कथाको परिस्थितिगत सन्दर्भपरक विश्लेषण गरिएको छ ।

## २. समस्याकथन र उद्देश्य

प्रस्तुत लेखमा गुरुप्रसाद मैनालीको "कर्तव्य कथाको परिस्थितिगत सन्दर्भ" शोध्य शीर्षक रहेको छ । यस 'कर्तव्य' कथामा प्रस्तुत घटनावस्तु, सहभागी, परिवेश तथा अन्य विभिन्न तत्त्वहरूको सुसम्बद्धताबाट निर्मित परिस्थितिले सन्देशमूलक अर्थ सूचना सम्प्रेषण भएको पाइन्छ । यस अध्ययनमा कथा संरचनामा प्रयुक्त भाषिक स्वरूपले विभिन्न भौतिक तथा संज्ञानात्मक सन्दर्भहरू समेटेर पाठलाई अर्थगत रूपमा केकसरी सुसम्बद्ध र संशक्त बनाइएको छ भन्ने मूल समस्यामा केन्द्रित भई मूल समस्यासँग सम्बद्ध भएर आउने अन्य विविध पक्षलाई शोध्य प्रश्नका रूपमा प्रस्तुत गरिएको छ :

क. 'कर्तव्य' कथामा केकस्ता सन्दर्भहरूको संयोजन रहेको छ ?
ख. कथामा वैयक्तिक, सामाजिक र सांस्कृतिक सन्दर्भ कसरी प्रस्तुत भएको छ ?
ग. संज्ञानात्मक दृष्टिले कथामा परिस्थितिगत सन्दर्भ किन महत्त्वपूर्ण छ ?

यस लेखको मूल उद्देश्य उपर्युक्त समस्या कथनमा केन्द्रित भएर आएका शोध्य प्रश्नहरूको प्राज्ञिक समाधान खोज्ने रहेको छ । उक्त शोध्य प्रश्नहरूलाई सङ्कथन सिद्धान्तका सन्दर्भपरक विश्लेषणमा आधारित भई 'कर्तव्य' कथाको पाठकेन्द्री समीक्षा, विवेचना र मूल्याङ्कन गर्नु यसको उद्देश्य रहेको छ ।

## ३. अध्ययनविधि

उपर्युक्त शोध्य समस्याको समाधानका निम्ति विश्लेष्य सामग्रीका रूपमा गुरुप्रसाद मैनालीको 'कर्तव्य' कथालाई प्रमुख सामग्रीको रूपमा लिइएको छ । यसैगरी सङ्कथनको सन्दर्भ विश्लेषणसँग सम्बद्ध अन्य पुस्तक, पत्रपत्रिका तथा लेख रचनालाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । शोधसामग्री विश्लेषणका लागि पाठ विश्लेषणकेन्द्री गुणात्मक अनुसन्धान ढाँचालाई उपयोग गरिएको छ। प्रस्तुत अध्ययनमा समस्याको समाधानका लागि सङ्कथन अध्ययनअन्तर्गतको समालोचना पद्धति सन्दर्भ विश्लेषणलाई सैद्धान्तिक आधारको रूपमा लिइएको छ। उपयुक्त सैद्धान्तिक पर्याधारका आधारमा सामग्रीको विश्लेषणका लागि कृतिमा केन्द्रित अध्ययन पद्धतिको उपयोग गर्दै विविध अध्ययन सामग्रीहरूको विवेचनात्मक र विश्लेषणात्मक ढाँचामा प्रस्तुत गरी निष्कर्ष निकालिएको छ ।

## ४. सैद्धान्तिक पर्याधार

प्रस्तुत कर्तव्य कथाको सन्दर्भ विश्लेषणको प्रमुख आधार सङ्कथन विश्लेषण हो । सङ्कथन विश्लेषण भनेको कथ्य वा लेख्य भाषिक अभिव्यक्तिमा प्रयुक्त भाषा र त्यसले सङ्केत गर्ने सन्दर्भको अध्ययन पनि हो । द्वितीय विश्वयुद्धोत्तर कालमा पाश्चात्य भाषाविज्ञानको जगत्मा डिस्कोर्सका रूपमा विशेष प्रचलित शब्दको नेपाली रूपान्तरण सङ्कथन हो । कथ्य, लेख्य र साङ्केतिक भाषामा अभिव्यक्त कुनै सारवाक्य वा सोभन्दा माथिका सम्पूर्ण भाषिक संरचनात्मक एकाइलाई सङ्कथन भनिन्छ । भानडिज्क [३] का अनुसार भाषिक प्रयोक्ताले सङ्कथनमा घटना र सहभागीका परिवेशका माध्यमबाट सन्दर्भ पद्धतिको निर्माण पनि गर्दछ र मानव मस्तिष्कले व्यावहारिक रूपमा अर्थ सञ्चरणको प्रक्रियामा सन्दर्भले बहुआयामिक भूमिका खेल्दछ । प्रकार्यपरक भाषाविज्ञानका व्याख्याता ह्यालिडे र हसन [४] ले भाषिक सङ्कथनसन्दर्भमा उल्लेख भएका विषयका अतिरिक्त पाठमा समाविष्ट भएका सामाजिक जीवनका विविधतापूर्ण पक्षलाई र सामाजिकीकरण प्रक्रियाका साथै सांस्कृतिक स्थितिलाई पनि हेरिनु पर्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । सङ्कथन पाठमा विभिन्न प्रक्रियाबाट अर्थ संज्ञान हुन्छ भने यसलाई गी [५] ले खास सन्दर्भमा प्रयोग हुँदा भाषाको रूप र संरचनाले दिने विशेष अर्थलाई सिचुएटेड मिनिङ्ग वा निहितार्थ भनेका छन् । सङ्कथनका सन्दर्भमा चर्चा गर्दै गौतम [६] ले कुनै गम्भीर भाषण वा कुनै विषयमा भएको निश्चित लेखन, कुनै गम्भीर कुराकानी, कुनै पनि कथन वा लेखनमा जोडिएको भाषिक अभिव्यक्तिलाई सङ्कथन भनेर परिभाषित गरेका छन् । कुनै वाक्य, प्रकरण/सन्दर्भ, अनुच्छेद तथा सिङ्गो पाठलाई नै सङ्कथनका रूपमा लिइन्छ र सङ्कथनमा विभिन्न सन्दर्भहरूको संयोजन रहने हुनाले यसमा प्रयुक्त भाषा र सन्दर्भका आधारमा अर्थ खोजी गरिने प्रक्रिया नै सङ्कथनको सन्दर्भपरक विश्लेषण हो ।

सङ्कथन विश्लेषणको प्रमुख आधार प्रयोगमा रहेको कथ्य वा लेख्य भाषा भएकाले यसमा भाषिक अभिव्यक्तिहरूको सन्दर्भको अध्ययन हुन्छ । स्थान, काल, समाज, परिवेश तथा परिस्थितिको समष्टिका रूपमा सन्दर्भ रहेको हुन्छ । ह्यालिडे र हसन [७] ले सङ्कथन सन्दर्भअन्तर्गत परिस्थितिको सन्दर्भ र संस्कृतिको सन्दर्भको चर्चा गरेका छन् र ती सन्दर्भहरू परिवेशका रूपमा पनि चिनिन्छन् । प्रकार्यपरक भाषाविज्ञानसँग निकटस्थ सङ्कथन विश्लेषणमा कथ्य, लेख्य वा साङ्केतिक स्तरमा प्रयोग हुने भाषिक प्रयुक्तिहरूको समायोजन यस्ता सङ्कथनमा के कसरी हुन्छ र भएको छ भन्ने पनि अध्ययन हुन्छ । सङ्कथन विश्लेषणमा भाषालाई अमूर्त रूपमा नभई त्यहाँ भाषिक प्रयोग कसले, कसरी र कुन सन्दर्भमा गरेको छ भन्ने प्रक्रिया र सन्दर्भमा विशेष ध्यान दिइएको हुन्छ । पाठभित्र ध्वनित अर्थलाई विभिन्न सन्दर्भमा अर्थ्याउन सकिने भएकाले सङ्कथन विश्लेषणमा उच्चारणले सन्दर्भमा पार्ने प्रभाव र सन्दर्भले उच्चारणको

अर्थमा पार्ने प्रभाव दुवैलाई महत्त्वसाथ हेरिन्छ । भाषाको प्रयोग विभिन्न परिस्थितिगत सन्दर्भमा हुने र त्यसले व्यक्त गर्ने अर्थगत सन्दर्भ पनि भिन्न हुन्छ साथै सङ्कथन भाषिक प्रयोक्ताको आशयको खोजी भएकाले र आशयको अभिव्यक्ति भाषाका माध्यमबाट हुने हुँदा सन्दर्भ विश्लेषणमा भाषालाई जोड दिने गरिन्छ । लिखित पाठमा आउने सन्दर्भले प्रतीकात्मक संसारलाई प्रतिनिधित्व गरेको हुन्छ र पाठसंसारको रूपमा लिइने साहित्यिक विधा आख्यान, कविता, नाटक, निबन्ध आदि लिखित सङ्कथनका रूपमा रहन्छन् जहाँ यस्ता पाठले काल्पनिक संसारको निर्माण गरेका हुन्छन् । वास्तविक संसार संज्ञानात्मक तथा पाठसंसार काल्पनिक भएपनि यी दुईलाई सन्दर्भसँग जोडेर कृतिको पाठमा रहेको निहितार्थ खोजिन्छ । पाठसंसार घटना, कार्य र परिस्थितिमा निर्भर रहेको हुनाले पाठले सिर्जना गर्ने सांसारिकताबाट कार्यकारण सम्बन्धका आधारमा अर्थको खोजी गरिन्छ । जुन अर्थ पाठमा सामान्यतः उपस्थित र अनुपस्थित, मूर्त र अमूर्त, यथार्थ र अयथार्थ, संभाव्य र असम्भाव्य हुने गर्दछ ।

सङ्कथनको सन्दर्भपरक विश्लेषण अन्तर्विषयक अध्ययन हो । कुनै पनि कृति वा सङ्कथन पाठमा प्रयोग भएको भाषिक रूपले जेजति सन्दर्भ परिवेशलाई तानेर ल्याउन सक्दछ, सङ्कथनको अर्थ पनि त्यहाँसम्म मात्र जान सक्दछ । सङ्कथन विश्लेषणमा भाषिक तथा गैरभाषिक पक्षको अध्ययन गरिन्छ जसलाई सन्दर्भपरक अध्ययन भनिन्छ घिमिरे [८] सङ्कथन विश्लेषणमा संरचना सम्बद्धता र पाठगत भाषिक रूप र त्यसले सङ्केत गर्ने सन्दर्भको खोजी गरिन्छ । यसको प्रवृत्ति बहुपक्षीय भएकाले विश्लेषणका क्रममा सङ्कथनको पाठपरक अर्थसँग संज्ञानात्मक, सामाजिक, राजनैतिक, ऐतिहासिक आयामहरूलाई पनि एकीकृत गर्नुपर्छ एटम [९] । पाठगत भाषिक रूप प्रतिज्ञप्तिसूचक (सन्दर्भ) र अप्रतिज्ञप्तिसूचक (सन्दर्भिक) हुन्छन् । कुनै घटना, विषय, अवधारणाको कुनै निश्चित सन्दर्भबारे सूचना दिने खालका सङ्कथन एकाइका साथै सङ्कथन पाठमा पुरानो र नयाँ सूचना तथा तिनले सन्दर्भमा बहन गर्ने निहितार्थ खोजी महत्त्वपूर्ण मानिन्छ । सन्दर्भ समायोजित भएर पाठको संरचना निर्माण हुनुका साथै परिस्थितिगत सन्दर्भले समेटेको प्रकार्यको पनि अध्ययन हुन्छ । परिस्थितिको सन्दर्भ विश्लेषणमा पाठको मुख्य सन्दर्भ र आश्रित सन्दर्भका बीच के कस्तो सन्दर्भगत सम्बन्ध रहेको छ भन्ने बारेमा विशेष अध्ययन गरिन्छ । पाठमा सहभागी सन्दर्भ, भौतिक तथा संज्ञानात्मक आदि सन्दर्भको अध्ययन परिस्थितिको सन्दर्भपरक सङ्कथन विश्लेषणमा हुन्छ । सङ्कथन पाठको बाह्य सम्बन्धको विश्लेषण सामाजिक संरचना, परिस्थिति वा परिघटनाका भाषा इतर सन्दर्भको अध्ययनसँग सम्बद्ध हुन्छ । यसमा प्रयोगकर्ताहरूलाई एकअर्काबारे र सांसारिकताबारे के कति थाहा छ ? भन्ने कुरामा आधारित सन्दर्भलाई संज्ञानात्मक सन्दर्भ भनिन्छ । संज्ञान सामाजिक, सांस्कृतिक सन्दर्भबाट व्यक्तिले आर्जन गर्ने जीवनको अनुभव हो जुन व्यक्तिनिष्ठ संज्ञानका रूपमा रहेको हुन्छ । सङ्कथन पाठमा रहेका वाक्यको सम्प्रेषणात्मक प्रकार्यलाई पनि सन्दर्भकै रूपमा लिइन्छ । यिनै विविध सन्दर्भहरूको संयुक्तिद्वारा निर्मित मैनालीका कथामा समाज, सामाजिकीकरणका प्रक्रिया, सांस्कृतिक पक्षसम्बद्ध जनजीवनको यथार्थपरक प्रस्तुति पाइन्छ । सङ्कथन अध्ययनका पाठ विश्लेषण गर्ने एउटा मानकका रूपमा रहेको सन्दर्भपरक सिद्धान्तका आधारमा 'कर्तव्य' कथा अध्ययन र विश्लेषणीय सामग्री रहेको छ ।

## ५. सामग्री विश्लेषणः छलफल र प्राप्ति

### ५.१ सन्दर्भको पृष्ठभूमि

गुरुप्रसाद मैनालीको 'कर्तव्य' कथा सामाजिक यथार्थवादी विषयवस्तुका सन्दर्भहरूमा संरचित सङ्कथन पाठ हो । धेरै दशकअघिको ग्रामीण परिवेशको नेपाली सामाजिक, वैयक्तिक, सांस्कृतिक सन्दर्भमा निर्मित यस कथाले समाजको एक प्रतिष्ठित पारिवारिक घटना र चरित्रलाई प्रतिनिधि बनाएको छ । वि.सं.२००७ सालको क्रान्ति एवम् परिवर्तनपछिको समाज र सन्दर्भलाई आधार बनाइएको कथाले सङ्क्रमणकालीन समय र परिवेशको चित्र प्रस्तुत गरेको छ । यस कथामा समाख्याताले नेपालको ग्रामीण जनजीवनको भौगोलिक परिस्थिति/परिवेशगत सन्दर्भ चित्रित गर्दै त्यसबाट विविध संज्ञान सन्दर्भको निर्माण गरिएको छ । गंगाधरका क्रियाकलापका प्रसङ्गबाट सामाजिक वैयक्तिक सन्दर्भ तथा दाजुभाइबीचको सम्बन्धका विविध उतारचढावका प्रसङ्गले वैयक्तिक सन्दर्भको सङ्केत गरेको छ भने समस्या समाधान गर्न वा झैझगडा मिलाउन पञ्चभलादमी राख्ने र अड्डामा मुद्दामामिला गर्ने, डिठ्ठा बिचारी, ऐन, कानुन आदिको प्रसङ्ग उल्लेखले न्यायिक सन्दर्भलाई प्रस्तुत गरिएको छ । राजनीतिक पार्टीको सदस्य, चुनाब लडेर प्रधानपञ्च हुनु, आफूलाई प्रगतिवादी सम्झनु, चन्दा उठाउँदै हिड्ने घटना, जनक्रान्ति आदिको उल्लेखबाट कथाले राजनीतिक परिवेशको सन्दर्भ, जन्म, मृत्यु, कुटुम्ब, बिहेबारी, दुलहादुलही, मण्डप, जन्ती, बरियात, खेतीपाती, पूजापाठ, सरसहयोग आदिले सामाजिक सांस्कृतिक सन्दर्भको निर्माण गरेका छन् । ती सन्दर्भहरूले कार्यकारण सम्बन्धको आधारमा विविध परिवेशको सङ्केत गर्दै सन्दर्भअनुसार सूचना र अर्थप्रवाह गरेका छन् । त्यसैले कर्तव्य कथाको रचनासन्दर्भको उद्देश्य वैयक्तिक, पारिवारिक, सामाजिक, सांस्कृतिक र मानसिक परिवेशबाट संज्ञानात्मक कर्तव्यबोधको महिमासहित आदर्शलाई विशिष्टीकृत गर्नु रहेको छ । तत्कालीन समय र स्थानअनुसार समाज र जीवनमा घटित यथार्थलाई विषयवस्तु बनाई आफ्ना नैतिक आदर्शसम्बन्धी धारणाहरू अभिव्यक्त गर्नु तथा विभिन्न संज्ञानात्मक अर्थान्वेषण र सम्प्रेषण गर्नु कथा रचनाको पृष्ठभूमि वा कथारचनाको सन्दर्भ बनेको छ ।

### ५.२ कथागत सन्दर्भ

प्रस्तुत कर्तव्य कथामा मुख्य सन्दर्भ र विभिन्न आश्रित सन्दर्भको संयोजन गरिएको छ । यस कथामा दाजुभाइबीचको सम्बन्ध मुख्य सन्दर्भका रूपमा आएको छ भने घरायसी व्यवहार, पारिवारिक झैझगडाका साथै अन्यरूपमा प्रयुक्त भौतिक सन्दर्भहरूमा स्थानगत र समयगत सन्दर्भ सूचकहरू सङ्कथन विशेष उल्लेखनीय रहेका छन् । भाषिक सङ्कथनमा सम्बोधक र सम्बोधितसँग सम्बद्ध वा पात्रसम्बद्ध बाबु-छोरा, दाजु-भाइ, श्रीमान्-श्रीमती, दुलहा-दुलही, काका-भतिज, सम्धीकुटुम्ब आदिजस्ता विभिन्न सम्बन्धपरक सन्दर्भहरू रहेका छन्

भने यसका साथै पाठबाट प्राप्त हुने विशिष्ट ज्ञान, चिन्तन, विचार, दृष्टिकोण आदि पक्षसँग सम्बन्ध राख्ने विभिन्न संज्ञानात्मक सन्दर्भहरू पनि कर्तव्य कथामा प्रयुक्त भएका छन् । यस्ता संज्ञानात्मक सन्दर्भमा आएका विविध वैयक्तिक, सामाजिक तथा सांस्कृतिक परिवेशगत सन्दर्भहरूका माध्यमबाट कर्तव्य कथाको संज्ञान निहितार्थ प्रभावकारी ढङ्गले संयोजन गरिएको छ । गाउँका एक सम्भ्रान्त मुखिया व्यक्तित्व गंगाधरको केही दिनको बिरामी पश्चात् भएको मृत्युको सन्दर्भबाट कथा आरम्भ भएको छ । उनी सम्पन्नशाली, लोकप्रिय समाजसेवी र दानवीर थिए भन्ने कुरा गाउँघरमा उनले गरेका मानवीय कर्म र उनको निधनपछि गाउँलेले असहाय महसूस गरेका विविध स्मरणसन्दर्भको उल्लेख गरिएको छ । नेपाली समाजको प्रचलनअनुसार बाबुआमाको शेषपछि बचेको पैत्रिक सम्पतिमा छोराहरूको हक कायम हुन्छ भने जीउनी सम्पतिका सन्दर्भले विवाद उत्पन्न भएको छ । कर्तव्य कथामा गंगाधरका दुई भाइ छोरा मुरलीधर र श्रीधरका बीचमा जिउनीको विषयलाई लिएर भएको पारिवारिक विवादले जटिल मुद्दामामिलाको सन्दर्भ हुँदै उनीहरूको बोलचाल बन्द र पानी बाराबारको चरमोत्कर्ष अवस्थामा पुगेको छ ।

'कर्तव्य' कथाको निहितार्थलाई संज्ञानात्मक मोड दिन अर्को घटनाक्रमको विकास गरिएको छ । भाइले छोराको बिहेमा दाजुका परिवार कसैलाई पनि निम्ता नगरेको सन्दर्भले अंशको झगडा वंश रहेसम्म भन्ने नेपाली समाजमा परम्परित रूपमा प्रचलित उक्तिसन्दर्भलाई सङ्केत गरेको देखिन्छ । विवाहमा बेहुलाको बाबु श्रीधर बिरामी परेर ओछ्यानमा लडेको अवस्थामा अल्लारे उमेरका उरन्ठेउला युवाहरूको जमातमात्र जन्ती हिंडेको परिदृश्यले दाजु मुरलीधरको विचलित मानसिकतामा पूर्वस्मृतिका रूपमा विविध सन्दर्भहरू आएका छन् । परिवारको महत्त्वपूर्ण बिहेकार्यमा बुज्रुक व्यक्तिको उपस्थिति रहनु पर्ने मान्यता र उरन्ठेउला भनेर सामाजिक जिम्मेवारीमा परिपक्व नभएका उमेरका मानिसहरूप्रति अविश्वासको सन्दर्भ तथा पिताको गौरबमय विगत स्मृतिले विचित्रको मानसिक द्वन्द्वात्मक स्थितिको निर्माण भएको छ । एकापरिवारको भतिजोको बिहेमा यस्तो अवस्था देख्दा पिताको वैभव र कीर्तिको स्मरणसहित उनले छोरीहरूलाई नबोलाउँदा नमीठो बोध गरेको प्रसङ्गले वैयक्तिक/मानसिक परिवेशगत सन्दर्भ प्रस्तुत भएको छ । तत्कालीन गाउँसमाजमा बाउबाजेको विरासतबाट प्राप्त सामाजिक प्रतिष्ठाको ख्याल गर्दै मुरलीधरले कुलघरानाको इज्जतका खातिर जेठो छोरो भएका नाताले त्यसलाई जोगाउने आफ्नो अभिभावकीय जिम्मेवारी महसूस गरेका छन् । बिहेमा निम्तोबिना नै सुटुक्क जग्गेमा पुगेर बेहुलाको बाबुले गर्नुपर्ने कर्मकाण्ड वा विधिविधान पूरा गरेर जोरीपारी तथा कुलकुटुम्बका अगाडि उनले कायम राखेको आदर्श नैतिक व्यावहारिक सन्दर्भका रूपमा आएको छ । विवेकशील व्यक्तिले आफ्नो वैयक्तिक समस्यालाई एकातिर पन्साएर पारिवारिक मानमर्यादाका लागि अभिभावकको जिम्मेवारी निर्वाह गरेको प्रसङ्गलाई सामाजिक सांस्कृतिक सन्दर्भसँग जोडिएको छ । बिहेको मूल सन्दर्भसँग बाबु गंगाधरका पूर्वसन्दर्भ र भाइलाई उपचार गर्न विदेश लगेको पश्चसन्दर्भलाई जोडेर यस सङ्कथन पाठले व्यक्ति तथा घटनाका बारेमा संज्ञानात्मक अर्थ निरुपण गरेको छ । मुरलीधरले बिरामी भाइलाई उपचार गर्न लिएर हिडेको प्रसङ्गलाई जोडेर कथाले जतिसुकै ठूलो पारिवारिक समस्या कलह भएपनि दाजुभाइको रगतको नाता र एकअर्काप्रतिको कर्तव्य महत्त्वपूर्ण रहने सामाजिक संज्ञान प्रस्तुत गरेको छ ।

सङ्कथनमा परिस्थितिको निर्माण घटना, चारित्रिक क्रियाकलाप तथा भाषिक माध्यमबाट हुन्छ । यसले पाठको संरचनात्मक ढाँचा तयार पार्दै निहितार्थको प्रकटीकरण गर्दछ । पारिवारिक सन्दर्भबाट घरायसी परिवेश तथा वैयक्तिक सम्बन्ध सुदृढ पार्न सम्पूर्ण जिम्मेवार विवेकशील मानिसले आफ्नो मानवीय कर्तव्यबाट विमुख हुनुहुँदैन भन्ने नैतिक सामाजिक संज्ञानात्मक सन्दर्भलाई विशेष महत्त्व दिएका छन् । कथामा प्रस्तुत अर्थगत सन्दर्भको पक्षलाई हेर्दा यसमा आदर्शवादी/परम्परावादीको जित र परिवर्तनवादीको हार हुनेजस्तो द्वन्द्वात्मक परिवेशको निर्माण पनि भएको छ । यिनै वैयक्तिक, सामाजिक-सांस्कृतिक तथा मानसिक परिवेशबाट संज्ञानात्मक सन्दर्भहरूको परस्पर संयोजन गरी कर्तव्य कथाको सङ्कथन संरचना तयार भएको छ । यस कथामा प्रयुक्त विविध अन्तर्वाह्य सन्दर्भ वा परिस्थितिहरूको विश्लेषण गरिएको छ ।

### ५.३ वैयक्तिक सन्दर्भ

कुनै पनि पाठमाआउने पात्रहरूका माध्यमबाट व्यक्तिनिष्ठ सन्दर्भ सिर्जित हुन्छ । मूलतः पात्रको स्थिति, मनस्थिति, मनोदशा, विचार आदिमा आधारित सन्दर्भलाई वैयक्तिक सन्दर्भ भनिन्छ [६] । प्रस्तुत कर्तव्य कथामा घटनालाई सन्दर्भित गर्ने विभिन्न पात्रहरूको प्रयोग भएको छ साथै तिनै पात्रहरूको सहभागिता, भूमिका र विविध भावपरिमण्डल वा मनोदशाबाट सिर्जित परिवेशका कारण विषयको मूल भावले सान्दर्भिकता र सार्थकता प्राप्त गरेको छ । नेपाली सामाजिक संरचनाको पारिवारिक विषयवस्तुमा सिर्जित कथामा बाबु गंगाधरको निधन भइसकेको सन्दर्भ उल्लेख गरिए पनि उनका व्यक्तिगत चरित्र एवम् कार्यहरूको प्रसङ्गले कथानक विकासका लागि आवश्यक विभिन्न सामाजिक, सांस्कृतिक सन्दर्भहरूको निर्माण पनि गरेका छन् । नेपाली हिन्दूआर्य संस्कृतिमा निर्मित पारिवारिक संरचनाको सन्दर्भ यस कथाको मूल आधार हो जसमा प्रयुक्त सहभागीहरू उनकै दुई सन्तान मुरलीधर र श्रीधरबीच सहोदर दाजुभाइको रगतको नाता छ । पारिवारिक रक्तसम्बन्धको अटुट साइनो भएका दाजुभाइ मुरलीधर र श्रीधरबीच पुर्ख्यौली भौतिक सम्पत्तिका निम्ति दुश्मनीपूर्ण व्यक्तिगत सम्बन्ध बनेको छ ।

प्रस्तुत 'कर्तव्य' कथामा प्रयुक्त चरित्रहरूको व्यक्तिगत सम्बन्ध रसंज्ञानात्मक अर्थ प्रष्ट्याउने विभिन्न सन्दर्भ सूचनाहरू रहेका छन् । सामाजिक सांस्कृतिक सन्दर्भको निर्माणका लागि व्यक्तिगत सन्दर्भ महत्त्वपूर्ण कडी बन्न सक्दछ भन्ने साक्ष्यहरूमध्ये अंशको किचलोले छुट्टिएर बसेका दाजुभाइमध्ये श्रीधर बिरामी भएर आफ्नै छोरोको बिहेमा उपस्थित भई पिताको भूमिका निर्वाह गर्न नसक्दाको विवशताले कारूणिक परिवेश सृजित भएको छ । भतिजोको बिहेमा परिपक्व अभिभावकको अभाव र अल्लारे जन्तीहरू देखेर मुरलीधरको मनस्थिति द्वन्द्वपूर्ण देखिनु, बिहेमा निम्ता नगरे पनि कर्तव्यबोधले सहभागी हुने कुरामा उनकी श्रीमतीले विमति जनाउँदा पनि मुरलीधरले जोरीपारीका सामु परिवारको इज्जत र कर्तव्य सम्झेर बिहेमा सम्धीको भूमिका निर्वाह गरेको सन्दर्भले पात्रका विभिन्न मानसिकताको

उद्‌घाटन गरेको छ । त्यस्तै दाजुको जिम्मेवारपूर्ण सहयोगमा कृतज्ञताले द्रवीभूत हुँदै श्रीधरले पनि जिउनीको खेत जताबाट भए पनि लिनु भनेर दाजुलाई सन्देश पठाएको प्रसङ्गले निर्मित परिस्थितिले कथाको सङ्कथन अर्थलाई सान्दर्भिक बनाएका छन्  :

> मुरलीधर जिल्लाभरिका विख्यात पण्डित थिए । यिनलाई कन्यापक्षका धेरै मानिसहरू चिन्दथे । श्रीधर र मुरलीधरले जीउनीको विषयमा वर्ष दिनसम्म मुद्दा लडेको पनि धेरै जनालाई थाहा थियो । कन्या पक्षका बूढा-पाकाहरूले भनेत्यस्ता महापुरुषका सन्तानले आफ्नू कर्तव्य किन छोड्दथे । तब पो मानिस कुल-घरान भन्छन् [९]।

उपर्युक्त कथांशले व्यक्तिसन्दर्भ, घटनासन्दर्भ तथा सन्देश वा अर्थसन्दर्भलाई प्रस्तुत गरेको छ । कथामा सहभागी गंगाधर, मुरलीधर र श्रीधरका व्यक्तिचरित्रको सङ्केत प्रस्तुत गरेको यस सङ्कथनमा मुरलीधरको वैयक्तिक चरित्रको केन्द्रीयतामा कथाको मूल समस्याको सूचना सम्प्रेषण गरेको छ भने यसमा कर्तव्य शीर्षकको अर्थ सान्दर्भिकता प्रष्ट हुने भाषिक अभिव्यक्ति आएको छ । यसमा सन्दर्भको माध्यमबाट सामाजिक सांस्कृतिक परिवेश र 'त्यस्ता महापुरुष' भनेर गंगाधरको प्रसङ्गकोसन्दर्भ पनि प्रकटित भएको छ । विभिन्न परिवेश सन्दर्भ संयोजनबाट समाजमा विभिन्न कारणबाट हुने पारिवारिक विवाद, मनमुटाव र झैझगडा स्वाभाविक घटना भए पनि मन ठूलो पारेर कर्तव्यपथमा विचलित नहुनेसन्देश सामाजिक मानसिक सन्दर्भले निहितार्थ प्रष्ट भएको छ :

> ...दाजुलाई देखेर बडो कष्टसँग उठेर गहभरि आँसु पारेर ढोगिदिए । भाइका आँखामा आँसु छचल्किरहेको देखेर मुरलीधरको पनि गहभरि आँसु भो । चारवर्षपछिको यो दाज्यू-भाइको पुनर्मिलन सारै दुःखलाग्दो देखियो  [९]।

प्रस्तुत साक्ष्यले व्यक्तिगत सन्दर्भलाई केन्द्रित गर्दै श्रीधरको शारीरिक रूपमा अस्वस्थ अवस्थाको चित्रणबाट कारूणिक भावपरिवेश निर्माण गरेको छ । लामो समयदेखि द्वन्द्वात्मक परिवेशले पारिवारिक स्नेहपूर्ण माहौलबाट टाढिएका दाजुभाइको पुनर्मिलनको सन्दर्भले उत्पन्न करूण भावानुभूतिको मानसिक परिवेशले वैयक्तिक सम्बन्धको साथै पारिवारिक मेलले कथाको सुखद अन्त्य हुने सन्दर्भको पनि सङ्केत गरेको छ ।

### ५.४ सामाजिक सन्दर्भ

सन्दर्भपरक विश्लेषणमा कृति वा सङ्कथन पाठको सामाजिक सन्दर्भ प्रमुख मानिन्छ । सचेत सामाजिक प्राणी एवम् भाषिक समाजको सदस्य मानवको मस्तिष्क पद्धतिको निर्माणकर्ता र अनुशरणकर्ता दुवै भएकाले भाषामा अर्थगत सन्दर्भको खोजी गर्ने तथा पद्धतिगत रूपमा ज्ञान सिक्ने प्रक्रिया निरन्तर भइरहन्छ । मानव र सामाजिक मस्तिष्कले नियम पद्धतिको ग्रहण गरी परिवेशसापेक्ष अर्थ निर्माण, अर्थ ग्रहण र त्यसको अभिव्यक्तिमार्फत समाजसांस्कृतिक स्वीकार्यताले निहितार्थ निर्माण गर्दछ । व्याख्यात्मक पद्धतिबाट समाज संस्कृतिसापेक्ष सन्दर्भअनुसार सङ्कथनमा निहितार्थको खोजी तलबाट माथितिर हुन्छ । लोकव्यवहारको आधारमा अर्थको मानकीकरण गर्दै समाज र संस्कृतिअनुरूप भाषिक र सन्दर्भपरक अवशिष्ट अर्थ जुन सामाजिक सम्झौताका आधारमा समाजले निर्माण तथा विकास गरेको हुन्छ । यसरी स्थापित वा स्वीकृत भएर समाजले ग्रहण गरेको र समाजमा सांस्कृतिक मान्यता प्राप्त गरेको हुन्छ, पाठमा त्यस्ता सन्दर्भको खोजी गर्नुपर्दछ । समाज र संस्कृतिका भिन्नताअनुसार एउटै भाषिक रूपको पनि फरक शब्द र अर्थ बुझिन्छ भने यसरी नै स्थानगत, परिवेशगत, सन्दर्भगत अर्थको निर्धारण, स्थापित, विस्तार र विस्थापन पनि हुन्छ । यस्ता सन्दर्भलाई विभिन्न घटना, चरित्र तथा सङ्केतका माध्यमबाट कर्तव्य कथामा पनि सटिक तरिकाले प्रस्तुत गरिएको छ । त्यस्ता सामाजिक सन्दर्भहरूले विभिन्न किसिमका सूचनाहरू प्रवाह गरी कथालाई सान्दर्भिकता प्रदान गरेका छन् :

> गरिबहरूको चूल्होमा आगो नबलेको र सुत्केरी भोको रहेको समाचार सुन्ने बित्तिकै बोलाएर चाहिंदो अन्न-पैसा दिई पठाउँथे । कसैले तिर्ने भाका सोध्यो भने 'सके तिर्नु, नसके तिमीहरूकै हो' भन्ने जवाफ दिन्थे । उनको जीवनकालमा कसैको बिहा-बर्तुन, क्रिया-श्राद्ध, दशैं-तिहार अड्केन । गाउँका दीनहीन गरिबहरू बिरामी परेको सुन्नासाथ ओखती-मूलो लिएर उसका भत्केका झुपडीमा पुग्थे । गाउँका गरिबहरूलाई 'मुखिया बाको जीउ छइञ्जेल हामीले अन्यायमा मर्नु पर्दैन' भन्ने दृढ विश्वास थियो [९]।

उपर्युक्त कथांशमा तत्कालीन ग्रामीण समाजको यथार्थ परिस्थितिको चित्रण रहेको छ । वर्गीय सामाजिक संरचना र सम्बन्धको सन्दर्भका साथै सामाजिक-सांस्कृतिक सन्दर्भ तथा व्यावहारिक सन्दर्भको समेत उल्लेख भएको छ । सामाजिक संरचनाबाट सिर्जित धनी र गरिबको वर्गीय सन्दर्भ, गरिबहरूको दीनहीन विपन्न, निमुखा अवस्थाको सन्दर्भ यस कथामा प्रस्तुत भएको छ । यसमा मुखियाबाको समाजसेवी व्यक्तित्वको प्रमुखसन्दर्भको साथै उनीप्रति आश्रित गाउँलेहरूको विपन्नता, निरीहता र परनिर्भरता पनि सामाजिक सन्दर्भको एउटा पाटो हो । गाउँका तालुकदार, जिम्दार मुखियाले गाउँका गरिबलाई खाँचोगाह्रोमा ऋण सहयोग गर्ने सामाजिक सांस्कृतिक सन्दर्भ हो । तर त्यसको सट्टामा दोब्ल्याएर ऋण असुल्ने नभई मनकारी दयालु व्यक्तिले अरूको कुनै दुःख देख्न नसकी उपकार गर्ने प्रवृत्ति, निर्धानिमुखाप्रति सहयोगी, उदार र नरम भावना राख्ने भएकैले गर्दा मुखियाबा छउञ्जेल कसैले अन्यायमा पर्नु नपर्ने भरोसा र जनविश्वासको उद्‌गारले सामाजिक न्यायको सन्दर्भलाई पनि कथाले समेटेको छ । समाजबाट नै मानिसको व्यक्तिगत र सामाजिक पहिचान कायम हुन्छ भन्ने निहितार्थ प्रस्तुत यस उद्धृतांशबाट संज्ञानात्मक सन्दर्भ प्रष्टिएको छ । मुखिया गंगाधरप्रति गाउँलेको अटुट श्रद्धा, सम्मान र दृढ विश्वासको लागि उनले गरेका प्रकार्यात्मक सन्दर्भले निर्धारण गरेका सामाजिक सांस्कृतिक संज्ञानहरू हुन् । आफ्ना जनहितकारी सामाजिक सेवामूलक कार्यबाट जनप्रिय बन्न सफल गंगाधरलाई गाउँलेका आस्था र भरोसाको केन्द्र मान्दै समाख्याताले 'उनलाई ग्रामपिता भन्नु कत्ति पनि

अत्युक्ति थिएन' मैनाली [९] भनेर किटान गर्नुले असल व्यक्तित्वको सत्कार्यले नै उसलाई महान् बनाउँछ भन्ने अर्थसन्दर्भको द्योतन गरेको छ ।

प्रस्तुत 'कर्तव्य' कथा सङ्कथनमा प्रयुक्त सामाजिक सांस्कृतिक सन्दर्भहरूले परिस्थितिको सङ्केत गरेका छन् । समाजको पितृप्रधानमूलक संरचनामा पिताको मृत्युपछि छोराहरू स्वतः सम्पत्तिको अंशियार बन्ने परम्पराको मूल सन्दर्भ, बाबुआमा पाल्नेले जीउनी अंश खाने प्रचलन तथा दाजुभाइका बीचमा पुर्ख्यौली सम्पत्तिका लागि चल्ने मुद्दामामिलाको सन्दर्भ प्रस्तुत गरेको छ । बाबु गंगाधरको निधनपछि 'जिउनी खेत दुवैले बराबर बाँडी खानू' मैनाली [९] भन्ने बाबुको इच्छा विपरित भाइ एक्लैले लिंदा दाजुले समाजमा न्यायिक गुहार मागेको प्रसङ्ग वास्तविक सामाजिक सन्दर्भ हो । तत्कालीन समयसन्दर्भमा गाउँसमाजमा मुद्दा मिलाउन पाका पञ्चभलादमी भेला भएर धर्मको न्याय गर्ने पद्धति चलिआएको प्रसङ्गलाई युवा पुस्ताले महत्त्व नदिने, साक्षी-प्रमाण ऐन-कानुनको दाबी गर्ने परिस्थितिगत सन्दर्भले मुरलीधर र श्रीधरको समस्या अड्डा अदालतसम्म पुगेर समाधान भए पनि सम्बन्धमा तिक्तता बल्भिरहेको देखिन्छ । परस्पर विपरीत वैचारिक तथा व्यावहारिक प्रवृत्तिका कारण दाजुभाइका परिवारबीच लामो समयसम्म पानी बाराबारको अवस्था सिर्जना भएको द्वन्द्वात्मक परिस्थिति पनि यस सङ्कथन पाठमा प्रस्तुत अर्को समस्या हो । त्यस्तै कर्तव्य कथामा सामाजिक सन्दर्भलाई उद्घाटित गर्ने अर्को उदाहरण शशिधरको बिहेको प्रसङ्गमा मुरलीधर र उनकी पत्नी कमलाबीचको संवाद सन्दर्भमा आएको छ :

> "पतिलाई लुगासुगा लगाएर हिड्न तम्तयार भएको देखेर कमलाले सोधिन् –यस्तो टन्टलापुर घाममा कहाँ हिंड्न लाग्नु भाको, नि ?"
>
> "जन्त ।"
>
> "जन्त ? नबोलाईकन त कुकुर पनि नजाओस् !"
>
> "ठीक भन्यौ ! कुकुर अज्ञानी पशु हुनाले बोलाएपछि मात्र जान्छ, मानिसचाहिँ ज्ञानवान् हुनाले बखत-मौका विचार गरेर आफैं पनि जानुपर्छ" [९]।

उपर्युक्त सङ्कथन अंशले नेपाली परम्परागत सामाजिक-सांस्कृतिक संज्ञान सन्दर्भलाई सङ्केत गरेका छन् । नेपाली सामाजिक परिवेशमा छरछिमेक आफन्त भनेको जिउँदाको जन्ती र मर्दाको मलामी हरेक दुःखसुखका सहभागी मान्ने मान्यता प्रचलित रहेको छ । समाजमा छरछिमेकी आफन्तमा दुःख पर्दा, आपत्विपत् मरुमराउको बेला आफूले सक्दो सरसहयोग गर्नुपर्दछ भन्ने मूल्यमान्यता परम्परित नेपाली संस्कृति हो । तर बिहेबटुलोमा पारिवारिक आफन्तजन नै भए पनि निम्तोबिना नजानू भन्ने समाजसांस्कृतिक मनोविज्ञानको चलिआएको सन्दर्भ पनि उत्तिकै सशक्त रूपमा कथामा अभिव्यक्त भएको छ । त्यसैले 'कर्तव्य' कथाले यही सामाजिक परिवेशगत सन्दर्भको उल्लेख गर्दै मुरलीधरलाई उनकी श्रीमतीले बिहेमा नबोलाई जानु हुन्न भनेकी हुन् । नेपाली समाजमा परम्परादेखि कायम रहेको मानसिक संस्कृतिले सामाजिक सन्दर्भगत अर्थमा जोड दिन 'नबोलाईकन त कुकुर पनि जाँदैन' भन्ने आशय अभिव्यक्त भएको छ । यसै सन्दर्भलाई खण्डन गर्दै मुरलीधरका माध्यमबाट संज्ञानात्मक अर्थमा विशेष जोड दिएर विवेकहीन पशु र मानवबीचको भिन्नता प्रष्ट्याउँदै मानिस कुकुरजस्तो अज्ञानी पशु होइन, ऊ स्वयम् बुद्धिमान् विवेकशील प्राणी भएकाले समय परिस्थितिको विचार गरेर आफ्नो जिम्मेवारी बोध गरी कर्तव्य निर्वाहमा अग्रसर हुनुपर्दछ भन्ने आशयको सन्दर्भगत अर्थ सम्प्रेषण गरिएको छ । घरपरिवारको जेठोबाठो भएपछि विभिन्न खालका समस्या र तिक्ततालाई बिर्सेर विषम परिस्थितिमा पारिवारिक सामाजिक जिम्मेवारी निभाउनु पर्दछ भन्ने मुरलीधरको अभिभावकीय भूमिका निर्वाहबाट 'कर्तव्य' कथाको मूल आशयलाई पुष्टि गरिएको छ । मुरलीधरले स्वयम् तथा कुलघरानको इज्जत र मर्यादा पनि कुटुम्बसामु बढाएको कुरा केटीपक्षका मानिसहरूको प्रशंसा कथनसन्दर्भबाट प्रस्टिन्छ :"त्यस्ता महापुरुषका सन्तानले आफ्नू कर्तव्य किन छोड्थे । तब पो मानिसहरू कुलघरान भन्दछन्" मैनाली [९] । सामाजिक रीतिथिति तथा कुलपरम्पराका मूल्यमान्यता र प्रतिष्ठाका लागि रिसइबी भुलेर भतिजोको बिहेमा एउटा अभिभावकको कुशल जिम्मेवारी निभाउने मुरलीधरले यहाँ आफ्नो कर्तव्य पालना मात्र गरेनन्, त्यस घटना सन्दर्भले समाजमा कुटुम्बको अगाडि उनको व्यक्तिगत तथा पूरै खानदानको प्रतिष्ठा भन् उच्च बनाउने काम गऱ्यो भने आफ्नो भाइसँग बिग्रिएको सम्बन्ध सुधारमा पनि यसले महत्त्वपूर्ण भूमिका खेलेको सन्दर्भ पनि उल्लेखनीय छ ।

### ५.५ सांस्कृतिक सन्दर्भ

सङ्कथन पाठमा विषय, सहभागी र प्रक्रियाले विभिन्न सांस्कृतिक परिस्थितिगत अवस्थाको सङ्केत गरेको हुन्छ । वास्तवमा व्यक्ति, समाज र संस्कृति एकअर्काका परिपूरक वा अन्योन्याश्रित सम्बन्धमा बाँधिएका छन् । त्यसैले सङ्कथन पाठमा प्रयोग भएको भाषा र सन्दर्भको स्वतः स्वाभाविक रूपमा व्यक्ति वा समुदायले सहज प्रयोग गरिरहेका हुन्छन् भने तिनको अर्थ ग्रहणयुक्ति र समुदायको चेतना नै यही भाषिक सङ्कथनको सांस्कृतिक मोडेल मानिन्छ । मानिसका जीवनपद्धति, सोचविचार, क्रियाकलाप, रहनसहन, व्यवहार आदिले सांस्कृतिक भलक दिन्छन् र तिनमा अन्तरनिहित सूचनाले संज्ञानात्मक अर्थ प्रकट पनि गर्दछन् । 'कर्तव्य' कथाले नेपाली हिन्दू समाजको आर्यसंस्कृतिलाई प्रस्तुत गरेको छ जसमा जीवनका महत्त्वपूर्ण जन्म, बिहे, मृत्युसंस्कारदेखि गरिब असहायलाई गरिने दानधर्म, बेमेल, मुद्दामामिला आदिको सन्दर्भ चर्चा गरिएको छ :"उनको जीवनकालमा कसैको बिहा-बर्तुन, क्रिया-श्राद्ध, दशैं-तिहार अड्केन" मैनाली [९] । नेपाली समाजमा छोरीलाई अंश र वंशको हकदार नमान्ने प्रचलन सांस्कृतिक सन्दर्भका रूपमा रहेको छ "मुरलीधरका दुई छोरी मात्र थिए । उनका छोरा थिएनन् ।" भन्ने समाख्याताको टिप्पणीले 'मरेपछि खाने तिनै हुन्' भनेर मुरलीधरले भाइभतिजालाई सङ्केत गर्दै

भनेको प्रसङ्गले पनि यसै पितृसत्तात्मक संस्कृतिलाई पुष्टि गरेको छ । "आज एकादशी भनेर पण्डित बाजेले केही पनि खानु भएन, भोकै आउनु भो" भन्ने कथनले हिन्दू धार्मिक संस्कारको सन्दर्भ सङ्केत गरेको छ [९] । कथाको पृष्ठभूमिमा गंगाधरको परोपकारी व्यक्तित्व सन्दर्भको चर्चाले सामाजिक अगुवा व्यक्तिले गाउँले गरिब आशामुखी आश्रित समुदायलाई गर्ने विभिन्न सरसहयोग, आडभरोसा, हेरविचार र समाजसेवाको संस्कृति, त्यसबाट आर्जित सामाजिक मानप्रतिष्ठाले बढाएको कुलीनता, दाजुभाइबीचको अंशबण्डाको किचलो, बुढेसकालका लागि जीउनी सम्पत्ति राख्ने नेपाली प्रचलन, मान्यजनको आदरसत्कारको संस्कृति, बिहेकार्यमा छरछिमेकी मिलेर सघाउने, बिहेमा जन्ती जाने, जग्गेमा आआफ्नो रीतिथिति अनुसारका विविध विधिविधान गर्ने, चाडपर्व मनाउने संस्कार, मर्दापर्दा मलामी, साह्रोगाह्रो बिरामी पर्दा सरसहयोग तथा अत्यावश्यक ठाउँमा निर्वाह गरिने विचार तथा मानवीय व्यवहारका विविध भूमिकाहरू नै कथामा प्रस्तुत सांस्कृतिक सन्दर्भ हुन् । नेपाली समाजका ग्रामीण परिवेशका सामाजिक जीवन र व्यवहारका अनेकौं प्रसङ्गहरूलाई कथामा सांस्कृतिक सन्दर्भका रूपमा अत्यन्त स्वाभाविक ढङ्गले प्रस्तुत गरिएको छ । यिनै सांस्कृतिक सन्दर्भले कथाको शीर्षकको तात्पर्यसहित कर्तव्यको महत्ता दर्शाएको र त्यसबाट निहितार्थको संज्ञानात्मक पक्षको बोध गराएको छ ।

### ५.६ संज्ञानात्मक दृष्टिले कथाको परिस्थितिगत सन्दर्भ

सङ्कथन अध्ययनले संज्ञानलाई सन्दर्भपरक रूपमा हेर्छ । पाठकले पाठ पढेर जे बुझ्छ अनि जे निष्कर्ष निकाल्छ, त्यही नै पाठको संज्ञानात्मक अर्थ हो भने यो प्रयोक्तको आशयको खोजीको समग्र निष्कर्ष वा पाठ सुनेर, पढेर प्राप्त हुने समग्रार्थ पनि हो । 'कर्तव्य' कथाको संज्ञानात्मक अर्थ दाजुभाइको वैयक्तिक सम्बन्धमा अनेक किसिमका झैझमेला तिक्तताहरू आउँछन् तर जतिसुकै मनमुटाब भए पनि हरेक सुखदःखमा पारिवारिक सम्बन्धमा आफ्नो कर्तव्य पूरा गर्न पछि हट्नु हुँदैन भन्ने संज्ञान मूल रूपमा आएको छ । दैनिक व्यवहारमा प्रयोग हुने एउटै सन्दर्भसम्बद्ध कार्यले पनि फरकफरक संज्ञान/अर्थ दिन्छन् । सामाजिक, सांस्कृतिक र भाषिक समुदायद्वारा संज्ञान नियमित प्रक्रियाका रूपमा पूर्वकल्पना वा अनुमानको रुपमा स्वीकार गरिएको हुन्छ । यही नियमित प्रक्रिया पूर्वकल्पना वा अनुमान नै सङ्कथन र ज्ञानका बीचको आधारभूत सम्बन्ध हो । संज्ञानात्मक सन्दर्भ मानिसको संज्ञानात्मक अवधारणासँग जोडिएको हुन्छ र संज्ञान प्राकृतिक वा औपचारिक भाषामा अभिव्यक्त गरिने विचार वाक्यका रुपमा प्रतिनिधित्व गराइएका वा व्याख्या गरिएका हुन्छन् । सङ्कथन पाठमा प्रयोग भएका वाक्यहरूका बीचमा हुने पारस्परिक सम्बद्धताले सन्दर्भ सिर्जना गर्दछ भने ती सन्दर्भहरूद्वारा प्रस्तुत हुने विशिष्ट अर्थलाई संज्ञानात्मक अर्थ भनिन्छ । सङ्कथन पाठमा परिस्थिति भनेको विशेष पक्षहरूको संयोजनबाट सिर्जित भएको अवस्था हो । भौतिक परिवेश, सहभागीको उपस्थिति, अन्तर्क्रिया, सामाजिक सम्बन्ध, सांस्कृतिक, जातीय, लैङ्गिक परिचयका साथै अन्य विविध पक्षहरू सन्दर्भअन्तर्गत पर्दछन् । सङ्कथन पाठ विश्लेषणमा त्यसभित्र अन्तर्निहित भएका विभिन्न परिस्थितिगत सन्दर्भहरूलाई खोजी त्यसकै आधारमा संज्ञान पत्ता लगाइन्छ । हयालिडे र हसन [४] का अनुसार परिस्थिति सन्दर्भलाई अन्तःपाठपरक वातावरणका रूपमा व्याख्या गर्दै सन्दर्भलाई क्षेत्र(विषयवस्तु), सहभागी (पात्र) र माध्यम(मोड) ले सङ्गठित गर्दछ । कथामा घटनावस्तु, सहभागी पात्रका क्रियाकलाप, भाषिक प्रयोग वा संवाद आदिबाट परिस्थिति सन्दर्भको सिर्जना हुन्छ ।सङ्कथन पाठमा प्रस्तोता, पाठक, स्थान, समय, अवस्था वा परिस्थितिका विभिन्न पक्षहरूद्वारा प्राप्त हुने विविध सूचना संज्ञान सन्दर्भका रूपमा रहेका हुन्छन् ।

प्रस्तुत 'कर्तव्य' कथामा सामाजिक पारिवारिक जीवनका विविध परिवेशबाट संज्ञानात्मक सन्दर्भ निर्माण भएको छ । चार खण्डमा संरचित यस कथामा पहिलोमा बाबु गंगाधर र छोराहरूको परिचयबाट व्यक्तिगत संज्ञान, दोस्रोमा बाबुको मृत्युपछि जीउनीको अंश विवादले दाजुभाइका सम्बन्धमा फाटो आएको संज्ञान, तेस्रोमा परिवारको अग्रजको कर्तव्यको संज्ञान र चौथोमा व्यावहारिक संज्ञानका विभिन्न प्रसङ्गहरूको अन्वितिबाट कथाको निहितार्थलाई प्रस्ट पारिएको छ । परिस्थितिमा हुने दाजुभाइबीचका मनमुटाव, झैझगडा विशेष घटनाका रूपमा प्रस्तुत भएको छ भने यससँगै जोडिएर अन्य मानसिक सन्दर्भहरू आएका छन् । पाठमा प्रयोग भएका सहभागी पात्रहरू मुरलीधर र श्रीधरका साथै मुरलीधर र उनकी पत्नीबीचका क्रियाव्यापार एवम् संवादका माध्यमबाट वैयक्तिक सन्दर्भको सिर्जना भई कर्तव्यको संज्ञानात्मक अर्थप्रकट भएको छ :"ठीक भन्यौं ! कुकुर अज्ञानी पशु हुनाले बोलाएपछि मात्र जान्छ, मानिसचाहिँ ज्ञानवान् हुनाले बखत-मौका विचार गरेर आफैँ पनि जानुपर्छ" [९] । त्यसै मूल घटनासँग जोडिएर आएका आन्तरिक र बाह्य सम्बन्धका घटना र चरित्रहरूले कर्तव्य कथाको परिस्थितिगत संज्ञान निर्माण गरेका छन् । प्रस्तुत कथामा वर्णित विभिन्न सामाजिक, मानसिक परिवेश तथा सांस्कृतिक सन्दर्भहरू संज्ञानका रूपमा आएका छन्, जसको अगाडिकै शीर्षकहरूमा पनि चर्चा भइसकेको छ । समग्रमा तिनै विविध सन्दर्भहरूको संयोजनबाट कथाको मूल संज्ञानात्मक अर्थ सम्प्रेषण भएको छ । प्रस्तुत 'कर्तव्य' कथाको सङ्कथन पाठमा केन्द्रित भएर गरिएका यिनै विविध सन्दर्भहरूको अध्ययनद्वारा सामाजिक पारिवारिक जिम्मेवारी बोधको संज्ञान गराउने कर्तव्यको अर्थ अभिव्यक्त भएको छ ।

सामाजिक यथार्थवादी विषयमा संरचित 'कर्तव्य' कथामा प्रस्तुत विविध सन्दर्भले भौतिक र मानसिक परिस्थितिको प्रस्ट सङ्केत दिएको छ । ती सन्दर्भहरूले सूचित गरेका परिस्थितिबाट पाठको संज्ञान प्राप्त भएको छ । ग्रामीण नेपाली समाजको स्थानिक परिवेश र २००७ सालपछिको कालिक परिवेशका साथै सहभागीका माध्यमबाट भौतिक सन्दर्भ आएको छ भने तत्कालीन सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, वैचारिक सन्दर्भको माध्यमबाट 'कर्तव्य' कथामा विशेष परिस्थितिहरूले विविध अर्थ सम्प्रेषण गरेका छन् । कथामा प्रस्तुत केही परिस्थिति सन्दर्भहरू :"उनको देहवसानले गर्दा वरिपरि दस गाउँको अपार क्षति भो ....अनाथ-अशक्तहरूको आशास्तम्भ ढल्यो । गाउँका धनवन्तरी अस्ताए" मैनाली [९] । यस कथांशले गङ्गाधरको महिमागान र उनको निधनपछि गाउँलेमा छाएको शोकाकुल अवस्था परिस्थितिको सन्दर्भ सङ्केत गरेको छ भने "क्रिया सिद्धिएका केही दिनपछि बाबुको जीउनी खेतको विषयमा मुरलीधर र श्रीधरका बीच

विवाद उठ्यो" [९] "पैतालिस दिनको काम सिद्धिएका भोलिपल्ट जीउनी खेतको निर्णयका निमित्त मुरलीधरले गाउँका मानिसहरूलाई बोलाए" [९] पुख्यौली सम्पत्तिले दाजुभाइमा देखिएको मनमुटाबले कलहको परिस्थिति देखिएको छ । त्यस्तै दाजुभाइबीच सहमति नहुँदा गाउँका पञ्चभलादमीको भेला बोलाउनुपर्ने अवस्थाले पारिवारिक विवादले सामाजिक रूप लिएको सन्दर्भ प्रस्तुत छ । "घरगृहस्थीको यति ठूलो चाड उत्सवमा दुई कान्लामाथि घर भएका आफ्ना सहोदर दाजुभाउजूलाई पनि श्रीधरले बोलाएनन्...मुरलीधरको मन एक तमासको भो" ... मा अंशको कारणले एकाघरको विवाहजस्तो खुसीको शुभकार्यमा पनि परिवारको जेठो दाजुलाई निम्तो नगर्ने श्रीधरको मानसिक सङ्कीर्णताको सन्दर्भ र भाइले आफ्नो परिवारलाई बेवास्ता गर्दा मुरलीधर पिताको स्मृतिले भावुक बनेको मनस्थितिको चित्रण छ । जन्तीमा दुलाहातर्फका अभिभावक कोही नदेख्दा कुलको इज्जत र कर्तव्यबोधका कारणले मुरलीधरको नबोलाए पनि जाने निर्णयले असन्तुष्ट श्रीमतीको क्रियाकलाप "कमलाले झर्कदैं बाकसबाट दोसल्ला झिकेर मुरलीधरलाई दिइन्" ले द्वन्द्वात्मक अवस्थाले तनावग्रस्त परिस्थितिको चित्रण गरेको छ । "भाइको आँखामा आँसु छचल्किएको देखेर मुरलीधरको पनि गहभरि आँसु भो" मैनाली [९] । यसले दाजुभाइको भावनात्मक सामीप्यताको सन्दर्भले घरमूलीको नाताले मुरलीधरले हरेक विषम परिस्थितिमा पनि आफ्नो कर्तव्य निभाउन अग्रसर भएका कारण निकै जटिल मोडमा पुगेको उनीहरूको सम्बन्धमा पुनः आत्मीय भएको देखाइनुले परिस्थितिगत सन्दर्भको महत्त्व प्रस्ट भएको छ । यिनै विभिन्न सन्दर्भहरूद्वारा कथाको सूचना सम्प्रेषण र समाख्याताको सन्देश प्रवाहको उद्देश्यबीचमा सुसम्बद्धता रहेकाले पाठभित्रका आन्तरिक वातावरणको सङ्केतबाट 'कर्तव्य' कथामा निहित संज्ञानात्मक अर्थ प्रस्तुत गर्न पारिस्थितिक सन्दर्भले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

## ६. निष्कर्ष

सङ्कथन विश्लेषण पाठ अध्ययनको विशिष्ट ढाँचाको रूपमा विकसित पद्धति हो । सङ्कथन पाठमा भाषा र सन्दर्भले विभिन्न संज्ञानात्मक सन्दर्भ वा परिवेशको निर्माण गर्दछ । यस लेखमा सङ्कथन सिद्धान्तअनुसार कर्तव्य' कथाको पाठपरक सन्दर्भ विश्लेषण गरिएको छ साथै कथामा केकस्ता सन्दर्भहरूको संयोजनबाट परिस्थितिगत निहितार्थ वा संज्ञानात्मक अर्थ प्रस्तुत भएको छ भन्ने शोध्य समस्यामा केन्द्रित रहेर गुणात्मक ढाँचामा पाठको सन्दर्भपरक विवेचना गरिएको छ । गुरुप्रसाद मैनाली नेपाली समाज र जीवनको यथार्थ पक्षलाई प्रस्तुत गर्ने कथाकार हुन् । उनको 'कर्तव्य' कथामार्फत पारिवारिक घटना सन्दर्भलाई केन्द्रमा राखेर नेपाली समाजका विविध परिवेश चित्रण गरिएको छ । दाजुभाइबीचमा झैझगडा होइन, मेलमिलापको आत्मीय सम्बन्धका साथै आफ्नो कर्तव्य निर्वाह गर्नुपर्छ भन्ने सन्देशलाई विभिन्न घटना, सहभागी र परिवेशगत सूचनाका माध्यमबाट प्रस्तुत गरिएको छ । सामाजिक विषयवस्तुको 'कर्तव्य' कथामा प्रयुक्त भाषिक सन्दर्भले वैयक्तिक, स्थानिक, कालिक, सामाजिक, सांस्कृतिक परिवेशको चित्र प्रस्तुत गरेको छ । विविध भौतिक सहभागी र संज्ञानात्मक सन्दर्भहरूको प्रयुक्ति रहेको भए तापनि यस कथामा संज्ञानात्मक अर्थ सन्दर्भमा विशेष जोड दिएको हुनाले यसको शीर्षकअनुरूप सान्दर्भिकता देखिन्छ । 'कर्तव्य' कथामा प्रयुक्त भाषिक प्रकार्यले तानेर ल्याउन सक्ने अर्थको समग्र रूपलाई परिस्थितिक सन्दर्भले समेटेको छ । नेपाली समाजसापेक्ष सामाजिक-सांस्कृतिक परिवेशले सहभागी चरित्र मुरलीधर र श्रीधरको वैयक्तिक र मानसिक पक्षको उद्घाटन गरेको छ । समाख्याताले प्रस्तुत 'कर्तव्य' कथामार्फत चयन गरेका सहभागीका वैयक्तिक मनोभावना, क्रियाकलाप, विचार वा दृष्टिकोण आदिले विविध परिवेशसन्दर्भको सङ्केत गरेको छ । पारिवारिक विवादका घटना तथा चरित्रको केन्द्रविन्दुमा रहेर विभिन्न भौतिक, सामाजिक सांस्कृतिक संज्ञानात्मक सन्दर्भहरू प्रस्तुत भएको छ । पाठमा बाबु गंगाधरको क्रियाकलापका पूर्वस्मृतिसन्दर्भ, दाजुभाइको पारिवारिक कटु बेमेलको सन्दर्भ, बिहेकार्यका विविध विधिविधान तथा सामाजिक सांस्कृतिक प्रसङ्ग एवम् दुवै सहभागीका सबलता दुर्बलताका सन्दर्भहरूले वैयक्तिक-मानसिक परिवेशलाई प्रस्तुत गरेको छ । दुवैले कर्तव्य निर्वाहमा आआफ्नातर्फबाट खेलेको भूमिका तथा त्यसबाट चिसिएको सम्बन्धमा पुनः सुधार हुँदै गएको अवस्था र बिरामी भाइलाई उपचार गराउन विदेश लगेको घटनाको चित्रणले भावी संयोगान्त परिस्थितिको सङ्केतले अर्थापन गर्दै दिएको कर्तव्यको सामाजिक सन्देश महत्त्वपूर्ण छ । निष्कर्षमा विभिन्न सन्दर्भहरूको सन्तुलित संयोजनद्वारा सामाजिक संज्ञानात्मक अर्थ प्रस्तुत गर्न 'कर्तव्य' कथाको पारिस्थितिक सन्दर्भको सान्दर्भिकता प्रष्ट रहेको छ ।

## सन्दर्भसामग्री सूची


[१] मोहनराज शर्मा, *समकालीन समालोचनाः सिद्धान्त र प्रयोग,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, (२०५५) ।

[२] डेबोरा सिफ्रिन, *डिस्कोर्स मार्कर,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस, सन् (१९८७) ।

[३] टिनु भानडिज्क, *डिस्कोर्स एण्ड नलेज,* रोटलेज पब्लिकेसन (४१ औं अध्याय), (२००८) ।

[४] ह्यालिडे र हसन, *कोहेजन इन इङ्लिस,* लङ्गम्यान ग्रुप, (१९७६), पृ. २७३-३२७ ।

[५] जेम्स पाउल गी, *एन इन्ट्रोडक्सन टु डिस्कोर्स एनालिसिस,* रोटलेज पब्लिकेसन, (१९९९), पृ. ९७-११७ ।

[६] देवीप्रसाद गौतम, *सङ्कथन विश्लेषण,* रत्न पुस्तक भण्डार, (२०७६) पृ. ५७१-५९१ ।

[७] वासुदेव घिमिरे, *सङ्कथन विश्लेषण,* इन्टेलेक्चुअल्ज बुक प्यालेस, (२०६९) ।

[८] नेत्र एटम, *संक्षिप्त साहित्यिक शब्दकोश,* नेपाल प्रज्ञा प्रतिष्ठान, (२०७४) ।

[९] गुरुप्रसाद मैनाली, *नासो,* साझा प्रकाशन, (२०५०) ।